# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: ६१

मिति : २०८१/०४/१८

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८१/०४/२० गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

.......................................
(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१/०४/२० गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति:

१६. बृद्धि प्रसाद चतुर्वेदी ले.अ.

१७. निरन्त श्रेष्ठ [illegible]

## मिति २०८१/०४/२० गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. गत आ.व. को वार्षिक समिक्षा सम्बन्धमा ।

२. विविध विषयका सम्बन्धमा ।

उज्ज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०४/२० गतेको आ.व. २०८१/०८२ को पहिलो बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०४/१८ गते बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझाको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृतको आथित्यता, शाखा प्रमुखहरु र सम्पूर्ण कर्मचारी तथा वडा सचिवहरुको उपस्थितिमा बसेको गत आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा तथा आ.व. २०८१/०८२ को कार्ययोजना सम्बन्धी बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि विविध विषयहरुमा छलफल हुँदा देहाय बमोजिमका निर्णयहरु गरियो ।

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बढुवा समितिको सचिवालय), गण्डकी प्रदेशको प.सं. २०८१/०८२ च.नं. ९ मिति २०८१/०४/१४ गतेको बढुवा नियुक्तिका लागि गरिएको सिफारिस अनुसार यस कार्यालयमा स्थानीय प्रशासन सेवा, प्रशासन समूह, प्रशासकीय अधिकृत सातौं तहमा सिफारिस भई आउनुभएका ध्रुवलाल न्यौपानेलाई बढुवा नियुक्ति दिने निर्णय गरियो।
- जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.पू.) को प.सं. २०८१/०८२ च.नं. ४ मिति २०८१/०४/०८ को प्राप्त पत्र र जिल्ला अनुगमन समितिको मिति २०८१/०४/०८ गतेको बैठकको निर्णय अनुसार यस कार्यालय अन्तर्गत पर्ने बौदीखोला र निरन्दी खोलाहरुको सतह वृद्धि तथा कटानले विपद जोखिम निम्त्याउन सक्ने सम्भावना रहेकोले आवश्यक ठाउँमा खोला खोल्ने तथा व्यवस्थित (च्यानलाइज) गर्ने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँको प.सं. ०८०/०८१ च.नं. १४४१ मिति २०८१/०३/२७ गतेको प्राप्त पत्र अनुसार बौदीकाली टोल (गुरौटार) निवासी पदम नेपालीको बुहारी किसान परियारको पत्नी वर्ष २८ कि सुमन परियारको घर २०८१/०३/२३ गतेको अविरल वर्षाको कारण घर भत्किएको र निजको पारिवारिक अवस्था विपन्न रहेको भनी जानकारी प्राप्त भएकोले निजलाई रु. १०,०००/-(रुपैया दश हजार मात्र) "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षक मार्फत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँ गैडिया निवासी प्रेम कुमारी गेलाङ्गको घर अविरल वर्षाको कारण घर भत्किएको र निजको पारिवारिक अवस्था विपन्न रहेको भनी जानकारी प्राप्त भएकोले निजलाई

रु. १०,०००/-(रुपैया दश हजार मात्र) "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षक मार्फत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- बौदीकाली-१, मिथुकरमको प.सं. २०८१/०८२ च.नं. १ मिति २०८१/०४/०१ गतेको प्राप्त पत्र अनुसार लिलाधर दमैको घर मिति २०८१/०४/०१ गतेको अविरल वर्षाका कारण घरको छानो चुहिएको र निजको पारिवारिक अवस्था विपन्न रहेको भनी जानकारी प्राप्त भएकोले निजलाई रु. २०,०००/-(रुपैया बिस हजार मात्र) "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षक मार्फत घर मर्मत पश्चात सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँ बौदीकाली टोल (गुरौटार) निवासी कालुराम कामीको घर २०८१/०३/२३ गतेको अविरल वर्षाको कारण घर भत्किएको र निजको पारिवारिक अवस्था विपन्न रहेको भनी जानकारी प्राप्त भएकोले निजलाई रु. १५,०००/-(रुपैया पन्ध्र हजार मात्र) "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षक मार्फत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-३, रकुवाको प.सं. २०८१/०८२ च.नं. १ मिति २०८१/०४/०२ गतेको प्राप्त पत्र अनुसार आरन चौतारी नजिक बेलभञ्ज्याङ्ग मा.वि. बाट वडा कार्यालय जाने बाटोमा २०८१ असार २६-२८ गतेसम्मको अविरल वर्षाका कारण पहिरो खस्न गई लाल बहादुर वि.क. को घर र सनत कुमार पाण्डेको घरको आँगन र मन्दिर जोखिममा रहेकोले प्राविधिक कर्मचारीहरुलाई स्थलगत अनुगमन गर्न लगाई आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।
- बौदीकाली-२, डेढगाउँ अर्मले निवासी जित बहादुर नेपालीको अविरल वर्षाको कारण घर भत्किएको र निजको पारिवारिक अवस्था विपन्न रहेको भनी जानकारी प्राप्त भएकोले निजलाई रु. १५,०००/-(रुपैया पन्ध्र हजार मात्र) "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षक मार्फत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँ गुरौटार निवासी सन्त बहादुर वि.क. को घर भित्र भल पसी पहिरो गई वस्न नमिल्ने भएको र निजको पारिवारिक अवस्था विपन्न रहेको भनी जानकारी प्राप्त भएकोले निजलाई रु. १५,०००/-(रुपैया पन्ध्र हजार मात्र) "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षक मार्फत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- खानेपानी पाईप वितरण गर्दा ७०% गाउँपालिकाको र ३०% उपभोक्ताको लागत साझेदारीमा "वडा स्तरीय खानेपानी कार्यक्रम" बाट खर्च लेखिने गरी खानेपानी पाईप खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०४/२० गतेको आ.व. २०८१/०८२ को पहिलो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकामा संचालित ठेक्काहरु BRM/NCB/WORKS-04/2080/81 (Upgrading of Baudikali Ringroad (Chapabhanjyang To Nirandi Khola) र BRM/NCB/WORKS-05/2080/81 (Upgrading of Road from Mithukaram through Naram upto Nagardada) को म्याद २०८१ साल असार १५ गते सकिएकोमा म्याद थपको लागि निवेदन प्राप्त भएतापनि उक्त योजनाहरु सशर्त र समपूरक अन्तर्गत भएको र थप निर्माण कार्यका लागि यस गाउँपालिकासँग पर्याप्त रकम विनियोजन नभएकोले म्याद थप गर्न नसकिने भनी निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको मजदुर संचित कोष संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको अनुदानमा आधारित पशु बिमा कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम, २०८१ पारित गने निर्णय गरियो ।
- कृषि ऋणमा व्याज अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० संशोधन गरी कृषि ऋणमा व्याज अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ पहिलो संशोधन राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।
- पशुपन्छी सम्वन्धि एकिकृत कार्यक्रम सञ्चालन कार्यविधि २०७९, संशोधन गरी पशुपन्छी सम्वन्धि एकिकृत कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ पहिलो संशोधन राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।
- अनुदानमा आधारित पशु विमा कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- साना पशुपन्छी तथा मत्स्य व्यवासायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- आ.व. २०८०/०८१ मा सञ्चालन गरिएको कृषि ऋणमा व्याज अनुदान कार्यक्रमलाई आ.व. २०८१/०८२ मा पनि निरन्तरता दिने निर्णय गरियो ।
- उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा आ.व.२०८१/०८२ मा पशु बाट उत्पादित हुने दुग्ध क्षेत्रतर्फ मात्र प्रोत्साहन गर्ने निर्णय गरियो र यस कार्यक्रम अन्तर्गत दुधमा प्रति लिटर रु ७.५ रुपैया कृषकलाई र दुध सहकारी संस्थालाई प्रति लिटर रु २.५ रुपैयाका दरले प्रशासन खर्च वापत रकम दिने निर्णय गरियो।